# दाम्पत्य सम्बन्धका प्रक्रिया : ऐतिहासिक आधार र प्रेम

**शुक्रराज अधिकारी, पीएच.डी.**
समाजशास्त्र केन्द्रीय, विभाग, त्रि.वि.
shukrarajadhikari3@gmail.com
ORCID: https://orcid.org/0000-0003-4099-1761
**Received Date:** March 18, 2024; **Reviewed Date:** June 12, 2024;
**Accepted Date:** August 23, 2024

**लेखसार**

*प्रस्तुत लेख दाम्पत्य सम्बन्धका प्रक्रियामा आधारित छ र यस सम्बन्धमा त्यसका ऐतिहासिक आधार तथा प्रेमका बारेमा विवेचना गरिएको छ । मानिसको जैविक उत्पादन र सामाजिक अस्तित्त्व दाम्पत्य सम्बन्ध तथा वैवाहिक प्रक्रियाले मात्र कायम गर्दछ । खास खालका विधि तथा पद्धति पूरा गरेपछि मात्र वैवाहिक प्रक्रिया पूरा भएको मानिन्छ । यसै सन्दर्भमा मानवसभ्यताको आरम्भदेखि नै मानिसले वैवाहिक प्रक्रियाका लागि केके संस्कारजन्य प्रक्रिया निर्माण गरेको थियो, प्रेमप्रणय भाव कस्तो रहेको थियो, भन्ने प्रश्नको उत्तर खोज्ने हेतुले यो अनुसन्धानको अवधारणा अगाडि बढाइएको छ । यसका लागि ऐतिहासिक अन्तर्वस्तु विश्लेषणविधिका माध्यमबाट गुणात्मक स्वरूपका तथ्यहरूको सङ्कलन तथा विश्लेषण गरिएको छ । तथ्यहरूको गहन विश्लेषण पछि दाम्पत्य सम्बन्ध स्थापनार्थ स्वयंवर, सप्तपदी, अग्नि परिणयन, पाणी ग्रहण, अश्मारोहण, गृह प्रवेश लगायतका विविध संस्कारजन्य विधिहरू वेदकालीन समय देखि नै निर्माण र अभ्यास हुँदै आएको पाइयो । तथ्यगत प्राप्तिहरूले जैविकीय समाजशास्त्रीय दृष्टिकोण र संरचनात्मक प्रकार्यवादी दृष्टिसँग सादृश्यता राखेको देखिन्छ ।*

**शब्दकुञ्जी :** अश्मारोहण, दाम्पत्य सम्वन्ध, प्रणय, विवाह संस्कार, सप्तपदी, स्वंयवर ।

## विषयपरिचय

समाजशास्त्रीय दृष्टिकोणमा विवाहलाई एक सूक्ष्म सामाजिक संस्थाका रूपमा मानिन्छ (Johnson, 1960) । समाज बन्नका लागि अनिवार्य तत्त्व मानिस हो । मानिसको जैविक उत्पादन र सामाजिक अस्तित्त्व वैवाहिक प्रक्रियाले मात्र कायम गर्दछ भन्ने मानिन्छ । सृष्टिचक्रको निरन्तरताको लागि विपरीत यौनलिङ्गी बीचको यौनजन्य समागम हुनु नै विवाहको मूलरूप हो (Ember and Ember, 1999) । प्राणी जगत्का हरेक प्राणीहरूले यो प्रक्रिया पूरा गर्दछन् र सृष्टिचक्र निरन्तर छ । जुन प्राणीले यस खालको प्रक्रिया पूरा गर्न समर्थ हुँदैन, त्यो प्राणीजगत्बाट लोप भएर गयो वा जान्छ, तर मानिस समेतका हरेक प्राणीले यो प्रक्रिया पूरा गरे पनि मानिसबाहेक अन्य प्राणी बीचको यौनसमागमलाई विवाह मानिँदैन र त्यो यौनसमागमका लागि खासखास पद्धतिहरूको बृहत् स्वरूप पाइँदैन । त्यसैले मानवबाहेकका प्राणीको दाम्पत्य सम्बन्धलाई विवाहको नामले सम्बोधन गर्ने चलन छैन, तर

मानिस मानिस बीचमा त्यो यौनसमागमसम्म पुग्नका लागि खास खालका विधि तथा पद्धतिहरू निर्माण हुँदै आएका छन् (कौण्डिन्नायन, २०६२)। खास खालका विधि पद्धति पूरा गरेपछि मात्र वैवाहिक प्रक्रिया पूरा भएको मानिन्छ र दम्पति बीचमा यौनसमागमको अनुभूतिजन्य परिवेशको सामाजिक वैधता निर्माण हुन्छ (Pande, 1968)। त्यसैले गर्दा नै विवाह करार नभएर संस्कारका रूपमा स्थापित भएको हो। वर्तमान समाजमा विवाह करार वा संस्कार भन्ने विवाद पनि व्याप्त छ। मानवसभ्यताको आरम्भ भएसँगै नै मानिसले समाजिक तथा सांस्कृतिक विधि वा पद्धति एवं सांस्कृतिक आयामहरू निर्माण गर्दै आयो। मानिसबाहेक अन्य प्राणीले यसो गर्न अहिलेसम्म प्रायः सकेनन्। त्यसैले अन्य प्राणीको जीवन चक्रलाई सभ्यता भनिएन तर मानव जीवनचक्र सभ्यताको रूपमास्थापित भयो। मानव सभ्यताका ती प्राचीन आयामहरू लाई भौतिक रूपमा भेट्न देख्न सम्भव त छैन तर त्यसबेला निर्माण भएका ज्ञान एवं साहित्यका सङ्ग्रहहरूमा प्रतिबिम्बित भएका भावहरूबाट हामी त्यसबेलाका संस्कारजन्य प्रक्रिया तथा त्यसबेलाको समाजव्यवस्था ठम्याउने प्रयत्न गर्दछौं। त्यसबेलाका साहित्यिक अभिलेखहरूबाट प्राप्त सूचनालाई केलाउँदा विवाह एक संस्कारजन्य कृत्य हो। संस्कार एक सांस्कृतिक प्रक्रिया हो जसले मानवीय तथा सामाजिक क्रियाकलापहरूलाई परिस्कार र परिमार्जन गर्दै लैजान्छ (Adhikari, 2021)। जुन प्रक्रिया भित्र समाहित भइसकेपछि फेरि पूर्ववत् स्वरूपमा फर्कन कठिन हुन्छ। कठिन मात्र होइन असम्भव प्राय हुन्छ। दुई विपरीत लिङ्गी पनि एक खास खालको विधिसहित मानव पूर्णत्वको जीवन अभियानमा प्रवेश गरेपछि फेरि पूर्ववत बन्छु भन्ने कुरा जटिल हुने हुँदा विवाहले संस्कारको स्वरूप ग्रहण गर्दै आएको देखिन्छ। त्यसो हो भने मानव सभ्यताको आरम्भदेखि नै मानिसले वैवाहिक प्रक्रियाको लागि केके संस्कारजन्य प्रक्रिया निर्माण गरेको थियो र प्रेम र प्रणयभाव कस्तो रहेको थियो त ? भन्ने प्रश्नको उत्तर खोज्ने हेतुले यो अनुसन्धानको अवधारणा अगाडि बढाइएको छ।

## अनुसन्धानको विधि

उल्लिखित उत्तर खोज्नको लागि वर्तमान स्वरूपको समाजव्यवस्थाभित्रबाट प्राप्त तथ्यले मात्र नपुग्ने र त्यो प्राचीन ऐतिहासिक सूचना प्राप्त गर्न संसारको प्राचीनतम ज्ञानका सङ्ग्रह भएका ग्रन्थ तथा शास्त्रहरूमा सङ्ग्रहित भएका शब्द वाक्यका भावको सार खिच्नुपर्ने परिस्थिति निर्माण भयो। मानवसमाजको ऐतिहासिक आयमको परावर्तन दिन्छन् भन्ने मानयताको आधारमा वेदका ऋचा, प्राचीन सामाजिक इतिहास सँग सम्बन्धित विभिन्न सन्दर्भग्रन्थ, अनुसन्धानमूलक लेख लगायतका विभिन्न सर्न्दभहरूबाट गुणात्मक स्वरुपका तथ्यहरू प्राप्त गरिएको छ। विवाह तथा समाजशास्त्रीय दृष्टिसँग सम्बन्धित सूचनाहरूलाई ऐतिहासिक अन्तर्वस्तु विश्लेषणविधिका माध्यमबाट गुणात्मक स्वरूपको विश्लेषणकार्य गरी तथ्यलाई उजिल्याउँदै ऐतिहासिक सन्दर्भमा वैवाहिक सम्बन्धका संस्कारजन्य प्रक्रियाहरू र

प्रणयभावलाई सङ्क्षिप्त रूपमाचर्चा गर्ने प्रयत्न गरिएको छ। यो आलेख पूर्णतः गुणात्मक खालको अनुसन्धान ढाँचामा अधारित छ।

## सैद्धान्तिक आधार

सामाजिक संरचना सञ्चालन गर्नका लागि समाजमा विभिन्न विधिविधानहरू निर्माण गरिन्छन् (Coser, 1996) र ती विधानभित्र बाँधिएर मानवीय क्रियाकलाप सञ्चालित हुन्छन् भन्ने मान्यता समाजशास्त्रको संरचनात्मक प्रकार्यवादी सिद्धान्तले राख्दछ (Turner, 1995)। यस सैद्धान्तिक मान्यताका आधारमा हेर्दा वैवाहिक सम्वन्ध तथा दाम्पत्य सम्बन्ध खासखास खालको विधिविधानजन्य प्रक्रियाबाट मात्र स्थपित हुन्छ, तर हरेक मानवीय क्रियाकलाप तथा सामाजिक विधिविधान एवं चलनपरम्परा मानिसको जैविक पक्ष पूरा गर्ने हेतुले निर्माण हुन्छन् भन्ने मान्यता सामाजिक जीवशास्त्रवादी सिद्धान्तले राख्दछ (Marshal 1998) quoted to Wilson (1975)। जैविक दृष्टिमा दाम्पत्य सम्बन्ध मानवसृष्टि तथा प्रजातीय निरन्तरताको लागि गाँसिएको महिला र पुरुषबीचको आपसी मेल हो। यस सिद्धान्तको आधारमा विवाहलाई हेर्दा विवाहको उमेर, विवाहमा केटाकेटीले छनोट गर्ने आफ्नो जीवनसाथीको अनुहार तथा शारीरिक बनोट आदि कुराहरू मानवीय व्यवहार हुन्, जुन सम्बन्धित व्यक्तिको जैविक तत्त्वबाट प्रभावित भएको देखिन्छ। जस्तो यौनआकर्षण नदेखिने केटा वा केटीले जीवनसाथी बनाउन हिच्किाउँछन्। किशोर र किशोरी अवस्थामा यौनआवेगमा अक्सर छिटो विवाहको चाहना गरेको देखिन्छ। यतिमात्र होइन जैविक तथा यौनगत हिसाबले कमजोर भएको मानिससँग विपरित लिङ्गीको मानिस सकेसम्म नजिक हुन तयार हुँदैन। यो सबै जैविक तत्त्वको प्रभाव हो। उल्लिखित दुवै सिद्धान्तले राख्ने सैद्धान्तिक मान्यताका आधारमा यस आलेख भित्र वैवाहिक जीवनका लागि निर्माण भए गरेका संस्कारजन्य प्रक्रियाहरू सँगै प्रेमप्रणयको एतिहासिक आयामको खोजी तथा विश्लेषण गर्ने प्रयत्न गरिएको छ।

## परिणाम र विमर्श

यस शीर्षकअन्तर्गत स्वयंवर, अग्निपरिणयन, सप्तपदी, पाणिग्रहण, अश्मारोहण, कन्यादान, गृहप्रवेश, बधूमूल्य आदि विषयको विश्लेषण गरिएको छ।

### स्वयंवर

स्वयंवरको भाव कुनै पनि स्त्रीले आफ्नो लागि आफै वर वा पति छान्ने प्रक्रिया हो। शास्त्रगत हिसाबले गहिरो विश्लेषण गर्दा भने लोग्ने र पतिको भाव फरकफरक रूपमा बुझ्ने गरिन्छ। भाले सामान्य यौनसमागमको क्षणिक समयका लागि मात्र जोडिन आउने प्राणीको रूपमा बुझिन्छ भने लोग्ने भन्नाले पारिवारिक स्वरूप र संरचनासहितको नेतृत्वदायी भूमिका निर्वाह गर्ने पुरुषको रूपमा बुझिए पनि त्यहाँभित्र संस्कारजन्य सबै विधिविधान पूरा भएको नहुन सक्ने पनि भाव प्राप्त हुन्छ, तर पति वा पत्नी भन्नाले शास्त्रगत विधिविधान वा

शास्त्रगत मान्यताअनुसार सबै संस्कारजन्य विधिहरू अनुसरण गरी दाम्पत्य सम्बन्ध कायम भएका स्त्रीपुरुषलाई प्रतिबिम्बित गर्दछ (Adhikari, 2020 B)। यो मानवमा मात्र नभएर आम प्राणी जगत्‌भित्र व्याप्त छ। यसले स्त्रीस्वतन्त्रताको बिम्ब पनि दिन्छ। वरचयन गर्ने बधूको हक तथा इच्छाभित्र पर्दछ भन्ने देखाउँछ। यस भावले पुरुषनेतृत्व जन्मनुभन्दा पहिले तथा परिवारमा पुरुषको नेतृत्व स्थापित हुनुभन्दा पहिले मातृसत्ताको तथा मातृशक्तिको नेतृत्वको छनक दिन्छ जहाँ पुरुष नेतृत्व एवं निर्णयसहितको परिवार व्यवस्था निर्माण भइसकेको थिएन र स्त्रीको निजी पुरुष नै रहन्थ्यो भन्ने पनि थिएन र वरको छनोट स्त्रीको चाहनामा मात्र भर पर्दथ्यो भन्ने जनाउँछ। समाजशास्त्रीय दृष्टिकोणअनुसार विभिन्न सिद्धान्तले व्याख्या गरेजस्तै सामाजिक जीवशास्त्रको दृष्टिकोणबाट हेर्दा पोथीले सशक्त भाले रोज्नु तथा छान्नुमा पनि जैविक भाव लुकेको हुन्छ। जगत्‌भित्रको बलशाली भालेको बिउ धारण गरी बलशाली सन्तान उत्पादन गरी उसको प्रभुत्व स्थापित भएको देख्ने रहर हुन्छ भन्ने मान्दछ। त्यसैले होला वरबधू चयन गर्दा यौन र सन्तान उत्पादनका हिसाबले सबल हुन्छन भन्ने अनुभूत भएपछि मात्र प्रक्रिया अगाडि बढाउने चलन यद्यपि छ। त्यसैले गर्दा मानवसभ्यतामा विवाहजन्य प्रक्रियामा पहिलो संस्कारका रूपमा स्वयंवरलाई समावेश गरिएको हुनुपर्छ, जसले स्त्रीशक्तिको निर्णयलाई कदर गर्ने जसभित्र उसको जैविकीय भाव पनि पूरा होस्। त्यो भाव पूरा गर्न सामाजिक हिसाबले पनि त्यसका खास विधि बनाइयो। यो विधि वैदिक सभ्यतादेखि अभ्यासमा रहेको तर्क गर्दै द्विवेदी (२००८), द्विवेदी र द्विवेदी (१९९४) ले ऋग्वेदको १०–३९–७ र १०–१७१–२ ऋचाको सन्दर्भ दिँदै राजा पुरु मित्रकी कन्या सुन्ध्युव र विमद ऋषिका बीचमा स्वयंवर भएको तथ्य उल्लेख गरेका छन्। वैदिक सभ्यता जसले करीब चारदेखि पाँच हजार वर्षअघिको समाजव्यवस्थाको विम्ब दिन्छ (Thapar, 2010)। शिवराज आचार्यकृत वैदिक पात्रोको हालसम्म निरन्तर प्रकाशन भइरहेको छ जसले त्यसको प्रमाणिक आधार दिन्छ। त्यस बेलादेखिका संस्कारजन्य विधि वर्तमानसम्म निरन्तर छन्। स्वयंवरको प्रक्रियामा वर छान्ने निर्णय स्त्रीमा निहित हुन्छ भन्ने बिम्ब महाभारतमा द्रौपदीले अर्जुनलाई पति छानेको सन्दर्भबाट पनि बुझ्न सकिन्छ (Adhikari et. al, 2024) तर त्यो निर्णय द्रौपदीको आफ्नो एकल निर्णय थियो वा उनका बाबु द्रुपदको इच्छाबमोजिम त्यो गराइएको थियो यो भने विश्लेषणको विषय हो तर महाभारतकालीन समाजव्यवस्थामा पुरुषको नेतृत्व स्थापित भइसकेकाले त्यतिबेलाको द्रौपदीका लागि आयोजना गरिएको स्वयम्वरको प्रक्रिया मातृशक्तिको तथा स्त्रीको निर्णयभन्दा पनि पुरुषकै निर्णयबाट प्रभावित भएको हुनुपर्छ भन्ने पितृसत्तात्मक सैद्धान्तिक तर्क गर्न सकिएला यद्यपि स्वयंवरको प्रक्रिया भने वैवाहिक कार्यका लागि अनिवार्य रहेको झलक भने त्यो तथ्यले प्रदान गर्दछ।

## अग्निपरिणयन

वेदकालीन सभ्यतामा पशुपालन विस्तारको अभियानले गर्दा आगो अग्नि देवताको रूपमा स्थापित भएको पाईन्छ (Adhikari, 2020 A & 2022)। वेदकालीन समयमा प्राकृतिक वस्तु

जुन मानव जीवनमा कल्याणकारी थिए तिनलाई देवताको रूपमा पुजिन्थ्यो। दाम्पत्य सम्बन्ध आगोले पनि टुटाउन नसकोस् भन्ने बिम्बस्वरूप अग्निपरिणयन संस्कारको प्रक्रिया आरम्भ भएको पाइन्छ। वर्तमान विवाहपद्धतिमा पनि अग्निसहितको यज्ञ आयोजना गरेर विवाह सम्पन्न गर्ने चरण यद्यपि रहेको छ। निमन्त्रणा पत्रमा पनि वैदिक विधिपूर्वक सुसम्पन्न हुने विवाह समारोहमा भन्ने वाक्यांश राख्ने चलन वर्तमानमा समेत रहेको देखिन्छ। सहाय (२००४) ले तैत्तिरीय ब्राह्मण (३।७।११) को सन्दर्भ दिँदै विवाहको यज्ञमण्डपमा वरअघि अघि, वधू पछिपछि, तीन पटकसम्म अग्निको प्रदक्षिणा गर्दथे। वरले कलशलाई दाहिने पार्दै हामी दुई मिलेर सन्तान उत्पन्न गर्ने इच्छा राख्छौं। आपसी प्रेम भाव राख्दै सय वर्ष बाँचौं भन्ने भावको मन्त्र जप गर्ने कार्य हुन्छ भन्ने उल्लेख गरेका छन्। त्यसैगरी ऋग्वेदको विवाहसूक्त (१०–८५) का अधिकांश ऋचाहरूमा अग्निको प्रार्थना, यज्ञको आयोजना भएको भावहरू पाइन्छन्। यी तथ्यहरूले वेदकालीन समयमा विवाह कार्यमा अग्निपरिणयनको प्रक्रिया हुने गरको देखाउँछन्।

## सप्तपदी र पाणिग्रहण

वरवधूले वैवाहिक यज्ञमा सात कदममा यज्ञमण्डप परिक्रमा गर्ने कार्यलाई सप्तपदी भनिन्छ। सहाय (२००४) ले ऋग्वदेको १०–७५–३९, ४२ र अथर्ववेदको –१४–१–४७, ४८ को सन्दर्भ दिँदै वेदकालीन समयको विवाह कार्यमा सप्तपदीको विधि रहेको चर्चा गरेका छन्। 'जुन पवित्र उद्देश्यले अग्निदेवताले यस पृथ्वीलाई दाहिने हातले ग्रहण गरेका छन्। उस पवित्र भावनाले म पति भएर तिमीलाई पत्नीका रूपमा पाणिग्रहण गर्दछु। तिमी दुःख कष्ट नपाईकन मसित असल सन्तान र ऐश्वर्य सम्पदाका साथमा बस।' (अ–१४–१–४८ लुईटेल, २०६३ )। उल्लिखित अथर्ववेदको १४–१–४८ को ऋचामा अग्निदेवतालाई सम्बोधन गर्दै, पवित्र भावनाले म पति भएर तिमीलाई पत्नीका रूपमा पाणिग्रहण गर्दछु भन्ने वाक्यांश भएकाले त्यस सयमको विवाह कार्यमा सप्तपदी र पाणिग्रहण एक महत्वपूर्ण संस्कारजन्य विधि थियो भन्ने पुष्टि हुन्छ। सहाय (२००४) ले ऋग्वेदको १०-८५-३६ को सन्दर्भ दिँदै वैदिक कालीन विवाह कार्यमा पाणिग्रहण प्रक्रिया हुने गरेको तर्क गरेका छन्। जसरी म उत्तम ऐश्वर्यका लागि तिम्रो हात पक्रन्छु त्यसरी नै म पतिसँगै तिमी वृद्धता प्राप्त गर्ने होऊ। मग, अर्पमा, उत्कृष्ट, बुद्धि भएका पूषा आदि यी देवताहरूले मेरो घरको रक्षाका निम्ति तिमीलाई दिए(ऋ–१०–८५–३६, गौतम, २०६७) भन्ने भाव उक्त ऋचामा पाइन्छ। यहाँ ऐश्वर्यको लागि तिम्रो हात पकन्छु भन्ने भावले पाणी ग्रहणको प्रकृयालाई देखाउँछ। पाणी ग्रहण मानव शरीरको पूर्णत्वको प्रतिबिम्ब मानिन्थ्यो। अलगअलग रूपमा रहेका हामी दुई अबदेखि एक भयौं, दुवै एकअर्काको पालनपोषण र सुख दुखको सहयात्रामा एकबद्ध हुन्छौं भन्ने भावको प्रदर्शन हो। विवाहपछि स्त्री पतिको घरमा जाने हुँदा सिङ्गो घरको समृद्धिको एकताबद्ध प्रयासको सूचक स्वरूप अग्नि साँचीसहित यो प्रक्रिया पूरा गर्ने चलन प्राचीन वैदिक समाजव्यवस्थादेखि नै आरम्भ भएको तथ्यहरूले बताउँछन्।

## अश्मारोहण

विवाह कार्यमा वरले वधूलाई यज्ञको परिक्रमा गराएर यज्ञनजिक राखिएको एक शिला (ढुङ्गा) मा लगेर खुट्टाको बुढीऔँला समातेर तिमी शिलाजस्तै स्थिर बन, शत्रुका शिरमा टेकी हिँड, भन्ने भावको मन्त्र उच्चारण गर्ने विधिलाई अश्मारोहण तथा शिलारोहणको रूपमा बुझिन्छ र यस्तो विधि वेदकालीन समयमा समेत थियो भन्ने प्रसङ्ग सहाय (२००४) ले उल्लेख गरेका छन् । अथर्ववेदको (१४–१–४७) मा रहेको ऋचामा म पति हुनाले सुखप्रद तथा स्थिर ढुङ्गालाई आधारका रूपमा पृथ्वीदेवीका काखमा आफ्ना सन्तानका लागि स्थापित गर्दछु । तिमी श्रेष्ठ तेजस्विताले सम्पन्न र आनन्दित भएर यस ढुङ्गामाथि चढ, सावितादेवले तिम्रो आयु वृद्धि गराउन (अ–१४–१–४७, लुईटेल, २०६३ पृ. ४४४) भन्ने भाव रहेकाले त्यस सयमको विवाह कार्यमा अश्मारोहण तथा शिलारोहणको संस्कारजन्य विधि थियो भन्ने थाहा हुन्छ । अश्मारोहण विधिले पुरुष नेतृत्वको परिवार व्यवस्थाभित्र पुरुषलाई महिलाको सेवक पनि बन्नुपर्छ भन्ने सन्देश प्रदान गरेको देखिन्छ । अश्म भनेको ढुङ्गा र आरोहण भनेको त्यसमाथि चढ्नु भन्ने बुझिन्छ । ढुङ्गालाई शत्रुको प्रतीक मानेर दुवैको बलबाट त्यो ढुङ्गालाई कुल्चनु भनेको आफ्ना शत्रुहरूलाई परास्त गर्नु भन्ने सन्देश रहेको देखिन्छ । दुवै एकताको सूत्रमा बाँधिएर एकअर्काका सेवक बनी हामी जीवनयापन गर्न तयार छौं भन्ने प्रतिबद्धताको बिम्ब अश्मारोहण संस्कारले प्रदान गरेको देखिन्छ।

## कन्यादान

वेद संहिताका ऋचाहरूमा कन्यादान भन्ने शब्द प्रष्ट रूपमा नदेखिए पनि कन्यालाई कन्याका पिता कुलबाट विच्छेद गरी कन्याका पतिकुलमा गएको भावसहितका प्रसङ्गहरू भने अथर्ववेदका विभिन्न ऋचाहरूमा पाइन्छन् जसले गर्दा त्यस समयमा कन्यादानको प्रचलन रहेको तथ्यलाई देखाउछ । पति प्राप्त गराउने र श्रेष्ठ बन्धुबान्धवका साथमा सुरक्षित राख्नेगरेको अर्थमा देवतालाई हामी यमन गर्दछौं । खरबुजो वा काक्रो पाकेपछि लहराबाट आफैं छुट्टिएझैं हामी पितृकुलबाट कन्यालाई पृथक् गराउँदछौं, तर पति कुलबाट पृथक् गराउँदैनौं (१४।११। ८, लुईटेल, २०६३) । हे कन्या तिमीलाई यस पितृकुलबाट मुक्त गराउँदछौं, पतिका कुलबाट होइन । तिमीलाई पतिकुलमा उचित किसिमले सम्बद्ध गराउँदछौं । हे कामना वर्षक इन्द्रदेव यी वधू असल सन्तानले युक्त र सौभाग्यवती भइरहुन् (अ १४।.१.।१८ लुईटेल, २०६३) । अथर्ववेदको १४ औं मण्डलमा सङ्ग्रहित भएका उल्लिखित ऋचाहरूमा कन्यालाई सम्बोधन गर्दै तिमीलाई यस पितृकुलबाट मुक्त गराएका छौं भन्ने उल्लेख भएको देखिन्छ । यसले कन्यदान प्रकृयाको तथ्यलाई प्रस्तुत गर्दछ । यसै तथ्यका आधारमा वेदकालीन समयको विवाहकार्यमा कन्यादानको संस्कारजन्य विधि रहेको पुष्टि हुन्छ । सनातनी समाजमा कन्यादानको सन्दर्भमा कसरी प्रारम्भ भयो होला भन्ने बारेमा यहाँ केही छलफल जोड्न सान्दर्भिक हुनेछ । वर्तमान परिवेशमा नारीवादी व्याख्याताहरूले कन्यादानालाई छोरीको दान

विशेषसँग जोडेर नारीविभेदको बिम्बका रूपमा चर्चा गर्नेगरेको पनि सुनिन्छ। कन्यादानको प्रक्रिया विवाह संस्कारभित्र मुख्य उपसंस्कार तथा प्रक्रियाका रूपमा रहेको पाइन्छ। मानवसभ्यताभित्र यसको सुरुवात कसरी हुन पुग्यो त ? भन्ने सन्दर्भको खोजी गर्दैजाँदा वैदिक आर्यसभ्यतासम्म पुग्नु पर्दोरहेछ। सिन्ध सभ्यताका द्रविड र वैदिक सभ्यताका वैदिक आर्यहरूका बिचमा एकखालको फरकपन थियो। वैदिक आर्यहरू आफूलाई द्रविडहरूभन्दा उच्च कुलीन संस्कृतिका हौँ भन्ने मनोविज्ञान रहेको थियो (Kosambi, 2002)। द्रविडहरूलाई दासका रूपमा व्यवहार गर्ने र उनीहरूको संस्कृतिलाई घृणा गर्नेसमेत गर्दथे। सभ्यता निर्माणको क्रममा द्रविड र आर्यहरूका बिचमा आपसी द्वन्द्व भइरहन्थ्यो। आर्यहरू युद्ध कलामा द्रविडहरू भन्दा सिपालु थिए। त्यसैले आर्यहरूले उनीहरूलाई युद्धमा हराएर दास बनाउँथे। यसै सिलसिलामा युद्धमा हराएर द्रविड युवतीलाई आर्य लडाकुहरूले हरण गरी विवाहसमेत गरेर ल्याउने क्रम बढ्दै गएको थियो। यसबाट द्रविड र आर्यहरूको बिचमा सांस्कृतिकदेखि जैविक सम्मिश्रण बढ्ने खतरा बढ्दै गयो (सांकृत्यायन, २०६८)। यस खतराबाट आर्यसंस्कृतिलाई जोगाउन आर्यहरूले बाबुआमाको अनुमति तथा स्वीकृति नलिई कन्या लिएर आउन नपाउने संस्कारजन्य मान्यताको निर्माण गरे। त्यसबेलाका कन्याको सुरक्षाको प्रत्याभूति हुन गएको देखिन्छ। दुवै परिवारतर्फका बाबुआमाको सहमतिमा मात्र विवाह हुनुपर्ने र कन्यादानबिना बाबुआमाको स्वीकृति नलिई गरिएको विवाहलाई दण्डित गर्ने परम्परा सुरु भयो। यस परम्पराबाट आर्य समुदायका केटाहरूले द्रविड समुदायका केटी विवाह गर्ने प्रचलनमा नियन्त्रण गरी आर्यसंस्कृतिलाई शुद्ध रूपमा कायम गर्न सकिन्छ भन्ने अभिप्राय रहेको देखिन्छ। वैदिक सभ्यताबाट कन्याको सुरक्षा र संस्कृतिको शुद्धता कायम गर्ने हेतुले कन्यादानको संस्कार आरम्भ भएको प्रचलन अहिलेसम्म अभ्यासमा रहेको छ।

## गृहप्रवेश

सहाय (२००४) र दुवे (२००९) ले वेदकालीन समयको विवाह कार्यमा गृहप्रवेशको विधि पनि रहेको चर्चा गरेका छन्। अथर्ववदेको (१४–२–१२, १४, १५, १७, १८) लगायतका ऋचाहरूमा वधूलाई गृहप्रवेशका क्रममा उच्चारण गरिने मन्त्र रहेका छन्। अर्थववेदको ऋचामा घर परिवारलाई कष्ट नदिई पशुहरूको हित गर्ने, वीर सन्तान जन्माउने बनेर गार्हपत्य अग्निमा हवन गर (अ–१४–२–१८, लुईटेल, २०६३ पृ. ४४८) भन्ने भाव देखिन्छ। यस भावले त्यस समयको विवाहको सस्कारजन्य कार्यमा गृहप्रवेशको समेत विधि थियो भन्ने देखाउँछ। गृह प्रवेश गर्दा पनि अग्निको प्रसङ्ग आउँछ। दियो बालेर दिदीबहिनीले बाटो छेक्दा बलिरहेको दियोरुपी अग्निले पनि वैवहिक सम्बन्ध टुटाउन नसकोस् भन्ने भावमा गृह प्रवेश गर्ने चलन यद्यपि पनि रहेको छ।

## दाइजो

आप्टे (1978) ले ऋग्वेदका (१०–८५) अन्तर्गतका विभिन्न ऋचाहरूमा विवाहमा दाइजो दिइने सन्दर्भ अगाडि सारेकी छिन् । ऋग्वेदमा सविताले जे दिए त्यो सूर्याको दाइजोका रूपमा प्राप्त हुन्छ । मघा नक्षत्रहरूमा गाईहरू पठाइन्छन् र पूर्वफाल्गुनी एवम् फाल्गुनीमा दाइजो लागिन्छ (ऋ-१०–८५–१३, गौतम, २०६७) भन्ने भाव देखिन्छ भने अथर्ववेदमा हे अग्निदेवता ! दाइजोका रूपमा सूर्यकी पुत्रीलाई सबैभन्दा पहिले यज्ञाग्निका रूपमा रहेका तिम्रा अगाडि लगिन्छ । पतिलाई तिमी श्रेष्ठ सुसन्तति प्रदान गर्ने स्त्री प्रदान गर र विवाह गरेका जोडीलाई सुसन्ततिले सम्पन्न बनाऊ (अ-१४–२–१, लुईटेल २०६३) भन्ने प्रसङ्ग रहेको छ। यी प्रसङ्गहरूले पनि वैदिक समयमा विवाहमा दाइजोको चलन रहेको देखाउँछ ।

## वधूमूल्य

काणे (१९९२), Altekar (1959), कुजुर (१९८२) लगायतका विद्वान्हरूले वेदकालीन समयमया ज्वाइँबाट उपहार तथा मूल्य लिएर छोरीको विवाह गर्ने गरिएका सन्दर्भहरू रहेको चर्चा गरेका छन् । ऋग्वेदमा हे इन्द्र र अग्नि ! तिमी दुई अयोग्य ज्वाइँले ससुरालाई दिएको भन्दा, सालाले भिनाजुलाई दिएको भन्दा पनि निश्चय प्रशस्त दान दिनेछौं, यस्तो सुनेको छु ( ऋ-१–१०९–२, गौतम, २०६७) भन्ने भाव भेटिन्छ । यस भावमा अयोग्य केटाहरूले वधूमूल्य स्वरूप केटीका बाबुलाई विभिन्न दान दिएर विवाह गर्ने गरेको प्रसङ्ग पाइन्छ ।

## प्रेम-प्रणय

विभिन्न संस्कारजन्य प्रक्रियाबाट दाम्पत्य सम्बन्धले दम्पति बीचमा आपसी प्रेमप्रणयको भाव निर्माण गर्दथ्यो र अभ्यासमा पनि ल्याउन मद्दत गर्दथ्यो भन्ने तथ्यहरू संसारकै प्राचीनतम ग्रन्थ ऋग्वेद र अथर्ववेदका विभिन्न ऋचा भावहरूले प्रस्तुत गरेको देखिन्छ । जोशी (१९८८) ले ऋग्वेद कालीन समयमा नै दाम्पत्य प्रेमका थुप्रै सन्दर्भ पाइने चर्चा गरेका छन् । ऋग्वेदका १–१–८, १–६१–९, १–७५–५, १–१२७–८, २–३९–२, ५–२२–४ लगायतका ऋचाहरूमा दम्पती शब्दको प्रयोग भएको तर्क जोशीको रहेको छ। 'दम' शब्दको अर्थ गृह (घर) र 'दम्पती' को अर्थ गृहस्वामी तथा गृहस्वामिनी (पति एवम् पत्नी) का रूपमा हुने गर्दछ। वैदिक संहिताकालमा दम्पती शब्द घरमा पति पत्नीको समान स्वामित्वको सूचकको रूपमा प्रयोग भएको छ (जोशी, १९८८)। ऋग्वेदको २-३९-२ मा "हे दुई अश्विनी कुमारहरू ! विवाह नै यात्रा गर्ने दुई जना रथीहरूभैँ वीर दुईवटा बाख्राहरूभैँ जुम्ल्याह श्रृङ्गार गरेका दुई वटी स्त्रीहरूभैँ आफ्ना शरीरद्वारा सुशोभित दम्पतीभैँ सँगै हिँड्ने मानिसहरूमा सबै कर्म जान्ने तिमी दुवै श्रेष्ठ स्तोता भएतिर आउँदछौ, हे यूष मनुष्यले जुन पत्नीमा बीउ रोप्छन्, हामीलाई चाहने जुन पत्नीले दुवै तिघ्रालाई फैलाउँछिन्, सन्तान चाहने हामी जुन पत्नीमा लिङ्गप्रवेश गराउँछौं, तिमी ती अत्यन्त कल्याणी पत्नीलाई राम्ररी उत्साहित गर । अथर्ववेदमा

पतिका घरमा सुसन्तानले युक्त हुँदै तिम्रो स्नेहको वृद्धि होस् र त्यसै घरमा तिमी गृहपत्य अग्निका लागि जागरुक हुँदै गृहस्थ धर्मको कर्तव्यहरूको निर्वाह गर्दै सधैं सजग होऊ। स्वामीका साथमा तिमी एक मन एक प्राणले संयुक्त होऊ। वृद्ध अवस्थामा तिमीहरू दुवैले आफ्ना सन्तानलाई उचित परामर्श प्रदान गर भन्ने भाव देखिन्छ। यी भावहरूले वेदकालीन समाजमा रहेको दाम्पत्य प्रेमलाई दर्शाएको देखिन्छ।

वेदकालीन समयमा दम्पतीको बीचमा प्रगाढ प्रणयसम्बन्ध रहेको देखिन्छ। दम्पति बीचको प्रणयसम्बन्ध सन्तान उत्पादनसँग सम्बन्धित भएको पनि पाइन्छ। ब्रह्मचर्य आश्रमपछिको गृहस्थ आश्रममा प्रवेश गर्न दाम्पत्य सम्बन्धमा बाधिनुपर्ने र दाम्पत्य सम्बन्धमा रहेपछि गृहस्थ धर्म पालन गर्न पर्ने, त्यसका लागि वंशविस्तार गर्न दम्पति प्रणय तथा सहवासमा संलग्न हुनु अनिवार्य थियो। प्रणयको लागि पतिपत्नी दुवै सबल र सक्षम हुनुपर्ने बुढ्यौलीको प्रणयले शरीर क्षण गराउँछ भन्ने मान्यता समेत त्यस बखत रहेको देखिन्छ। ऋग्वेदको पहिलो मण्डलको एकसय उनान्असीऔँ सूक्तको पहिलो ऋचामा लोपमुद्राले इन्द्रदेवलाई सम्बोधन गर्दै बुढ्यौलीले शरीरको क्षमता क्षीण गराउँछ। पत्नीसँग समर्थ पुरुषमात्र जाऊन् (ऋ-१-१७९-१, लु. ०६३-१९३) भन्ने भाव व्यक्त गरेको देखिन्छ। त्यसै गरी ऋषिहरूको स्तरमा पुगेर साधनामा संलग्न भएका मानिसहरू पनि सन्तान उत्पादन गर्न थालेका थिए। उनीहरू जीवनको अन्तिम चरणसम्म ब्रह्मचर्यमा रहेनन्। त्यस्तै अतिसमर्थ पुरुषलाई पत्नी उपलब्ध होऊन् (ऋ-१-१७९-२, लु. ०६३-१९३) भन्ने भाव पनि व्यक्त गरिएको छ

ऋग्वेद र अथर्ववेदको कालखण्डमा करिब ६०० वर्षजतिको अन्तर भएको तथ्य पाइन्छ। अथर्ववेदको सङ्ग्रह बन्नुपहिले नै ऋग्वैदिक समयमा नै दम्पतिबीच प्रणयभाव ऋग्वैदिक ऋचाहरूले प्रस्तुत गरेको देखिन्छ। अथर्ववेदमा सङ्ग्रहित भएका थुप्रै ऋचाहरूमा पनि प्रेमप्रणय भावका ऋचाहरू भेटिन्छन्। अथर्वदेवको चौधौं काण्डको दोस्रो सूक्तको २१ देखि २३ ऋचामा पतिसँगै रहने धर्मपत्नीका लागि आसनका रूपमा सुखदायक मृगचर्म बिछ्याएर संरक्षणका साधनहरू ल्याऔं, पति प्राप्त गर्ने कन्या बिछ्याएको आसनमा आरोह गरुन्, त्यही आसनमा बसेर सन्तान जन्माउन चाहने स्त्रीले अग्निको अर्चना गरुन् (अ.-१४-२-२१,२२,२३ लु. ०६३-४४८) भन्ने भाव व्यक्त भएको छ। त्यसै गरी अथर्ववेदको ऋचामा मनमा प्रसन्नताको भाव धारण गर्दै तिमी बिस्तारामा आऊ र पतिका लागि श्रेष्ठ सन्तान जन्माइदेऊ, देवता पनि आफ्नो सहयोगीसँग सहवास गर्दथे, तिमी पनि सन्तानको इच्छा गर्दै पतिसँग संयुक्त हुँदै सहवास गर, तिमीहरू मातापिता बन्न सक्षम भएकाले स्त्री ऋतुवती भएको बेला संयुक्त होऔ, वीर्यवान् पुरुषले स्त्रीसँग सहवास गरेझैं तिमी स्त्रीसँग प्रणयमा बाँधिएर, सन्तान जन्माएर, धनसम्पत्तिको पनि वृद्धि गर (अ.-१४-२-३१,३२,३७ लु. ०६३-४४९) भन्ने भाव व्यक्त भएको छ। त्यसै गरी अथर्ववेदको ३८औ र ३९ औँ ऋचामा स्त्रीसँग तिमी प्रेमपूर्वक संयुक्त होऊ। प्रसन्न चित्त भएर तिमी स्त्रीलाई स्पर्श गर। तिमीहरू दुवै

आनन्दविभोर हुँदै सन्तान जन्माओ, जुन स्त्रीले प्रेम प्रदर्शित गर्दै उल्लसित हुँन्छे तिमी तिघ्राहरूको भाग फिजाँऊ । उनको गर्भमा उत्साहपूर्वक सफल होस् भन्ने विश्वासले बीजको स्थापना गरियोस् (लु. ०६३-४४९) भन्ने भाव व्यक्त भएको छ ।

माथिका भावहरूले सन्तानोत्पत्तिका लागि समर्थ दम्पतीबीचको प्रणय मात्र सुखद रहनेगरेको, सहवासका निम्ति समर्थवान् पुरुषहरूले मात्र पत्नीसँग सम्बन्ध राखून् भन्ने देखाउँछ । त्यस समयमा ब्रह्मचर्य पालन गरेर ज्ञान-तप-साधनामा संलग्न पुरुषहरू प्रणयको आशक्तिले भरिऊन् र सन्तान उत्पादन गर्न थालून् । ब्रह्मचर्य पालन गर्न नसक्ने, प्रणयको तीव्र इच्छा भएका ऋषिहरूलाई प्रणयका लागि पत्नी उपलब्ध होऊन् भन्ने कामना गरिन्थ्यो भन्ने देखिन्छ । त्यस समयमा प्रणयको बेला दम्पतीहरू मृगचर्मको आसनमा बौछ्यौना बनाउँदथे । प्रणयपछि असल सन्तान जन्मोस् भन्ने कामना गर्दै अग्निको अर्चना पनि गर्दथे र सन्तान प्राप्तिका लागि प्रणयसम्बन्ध अनिवार्य थियो भन्ने तथ्य प्राप्त हुन्छ त्यसैले सन्तान उत्पादन सगै धनसम्पत्ति समेत वृद्धि होस् भन्ने कामनाका साथ प्रेमपूर्वक प्रणयमा संलग्न होऊ, प्रेमपूर्वक भएको प्रणय सम्बन्धबाट सन्तान जन्माऊ भन्ने कामना गरिको देखिन्छ ।

## निष्कर्ष

दाम्पत्य सम्बन्ध स्थापनार्थ स्वयंवर, सप्तपदी, अग्निपरिणयन, पाणीग्रहण, अश्मारोहण, गृहप्रवेशलगायतका विविध संस्कारजन्य विधिहरू वेदकालीन समयदेखि नै निर्माण र अभ्यास हुदैआएको पाइन्छ । वेदका ऋचाभावहरूले सन्तानोत्पत्तिका लागि समर्थ दम्पतीबीचको प्रणय मात्र सुखद रहनेगरेको, सहवासका निम्ति समर्थवान् पुरुषहरूले मात्र पत्नीसँग सम्बन्ध राखून् भन्ने ठानेको पाइयो । वेदकालीन समयमा ब्रह्मचर्य पालन गरेर ज्ञान-तप-साधनामा संलग्न पुरुषहरू प्रणयको आशक्तिले भरिऊन् र सन्तान उत्पादन गर्न थालून्, ब्रह्मचर्य पालन गर्न नसक्ने, प्रणयको तीव्र इच्छा भएका ऋषिहरूलाई प्रणयका लागि पत्नी उपलब्ध होऊन् भन्ने कामना गरिएको पाइयो । प्रणयपछि असल सन्तान जन्मोस् भन्ने कामना गर्दै अग्निको अर्चना पनि गर्दथे र सन्तान प्राप्तिका लागि प्रणयसम्बन्ध अनिवार्य थियो भन्ने तथ्य प्राप्त हुन्छ, त्यसैले ऋतुकालमा सहवास गरेर सन्तान उत्पादन गर्दै धनसम्पत्ति समेत वृद्धि होस् भन्ने कामना गर्दै प्रेमपूर्वक प्रणयमा संलग्न होऊ, प्रेमपूर्वक भएको प्रणयसम्बन्धबाट सन्तान जन्माऊ भन्ने कामना गरिको देखिन्छ । प्रणयको लागि पतिपत्नी दुवै सबल र सक्षम हुनुपर्ने बुढ्यौलीको प्रणयले शरीर क्षण गराउँछ भन्ने मान्यतासमेत त्यस बखत रहेको देखिन्छ । यी तथ्यहरूले जैविकीय समाजशास्त्रीय दृष्टिकोणसँग सादृश्यता राखेको देखिन्छ भने दाम्पत्य आफैमा जैविक आवश्यकता पूरा गर्ने एक कार्य ढाँचा भएकाले विवाहका पद्धतिहरू जैविकीय तत्त्वबाट प्रभावित भएको पाइन्छ । वेदकालीन समयमा दम्पतीको बीचमा प्रगाढ प्रणयसम्बन्ध रहेको देखिन्छ । दम्पतिबीचको प्रणयसम्बन्ध सन्तान उत्पादनसँग सम्बन्धित भएको पनि पाइन्छ । ब्रह्मचर्य आश्रमपछिको गृहस्थ आश्रममा प्रवेश गर्न दाम्पत्य सम्बन्धमा बाधिनुपर्ने र

दाम्पत्य सम्बन्धमा रहेपछि गृहस्थ धर्म पालन गर्न पर्ने देखिन्छ । यी तथ्यहरूले संरचनात्मक प्रकार्यवादी दृष्टिले दाम्पत्यलाई हेर्ने मान्यतासँग बढी सदृश्यता देखाएको अनुभव हुन्छ । मानवीय जैविक खाँचो पूरा गर्ने हेतुले नै सामाजिक तथा सांस्कृतिक विधिविधानहरू निर्माण भएको प्रतीत हुन्छ ।

## सन्दर्भसामग्री सूची


काणे, वामन पाण्डुरंग (१९९२) । *धर्मशास्त्रका इतिहास* । उत्तरप्रदेश, हिन्दी संस्थान, लखनऊ

कौण्डिन्न्यायन, शिवराज आचार्य (२०६२) । *वैदिक धर्म मूल रूपमा* काठमाडौं, स्वाद्ध्यशाला ।

कुजुर, एस. (१९८२), *बैदिक एवम् धर्म शास्त्रीय साहित्य में नारी* । बनारस : विश्वविद्यालय प्रकाशन ।

गौतम, प्रसन्नचन्द्र (अनु. सम्पा.) (२०६७) । *ऋग्वेद संहिता* । काठमाडौं, कुलचन्द्र गौतम स्मृति संस्था ।

जोशी, महेष्शचन्द्र (१९८८), *प्राचीन भारतमा दाम्पत्य मर्यादा,* वनारसः भारत ।

द्विवेदी, कपिलदेव (२००८), *बैदिक साहित्य एवम् संस्कृति,* बनारस : विश्वविद्यालय प्रकान

दुवे, एच.एन. (२००९) । *भारतीय संस्कृति* । इलाहावाद : शारदा पुस्तक भवन ।

लुईटेल, तिलकप्रसाद (अनु.) (२०६३ क), *ऋग्वेद,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

लुईटेल, तिलकप्रसाद, (अनु.) (२०६३ ख), *अथर्ववेद,* दिल्लीः चौखम्बा संस्कृत प्रतिष्ठान ।

सहाय, शिवस्वरूप (२००४) । *प्राचीन भारतका सामाजिक एवम् आर्थिक इतिहास* । दिल्ली : मोतीलाल वनारसीदास ।

सांकृत्यायन, राहुल (२०६८), *दर्शन-दिग्दर्शन,* इलाहाबाद : किताबमहल ।

Adhikari, S. R. (2020 A). Vedic Aryan society and pattern of production system. *Paramita: Historical Studies Journal,* 30(2), 228-235. http://dx.doi.org/10.15294/paramita. v30i2.24349

Adhikari, S.R (2020 B) “Gender issues in Vedic social structure” Tribhuvan University Journal TRIBHUVAN UNIVERSITY JOURNAL, VOL. 35, NO. 1, JUNE, 2020 193 Vol. 35, No. 1: 193-208, June, 2020 Research Directorate, Tribhuvan University, Kathmandu, Nepal DOI: https://doi.org/10.3126/tuj.v35i1.35881

Adhikari, S.R (2021). सन्तान प्राप्तिको उपाय र वेदकालीन सांस्कृतिक परिवेश ( System of Reproduction in the socio-cultural context of Vedic Period)" *Nepalese Culture* Vol. XIV : 86-94, 2021 Central Department of NeHCA, Tribhuvan University, Kathmandu, Nepal DOI: https://doi.org/10.3126/nc.v14i0.35427

Adhikari, S.R (2022) प्राचीन आर्य समाज एवं संस्कृतिमा पुरुषत्व -Masculinity in ancient Aryan culture and society) *Nepalese Culture* Vol. 15 : 115-124, 2022Central Department of NeHCA, Tribhuvan University, Kathmandu, Nepal DOI: https://doi.org/10.3126/nc.v15i1.48549

Adhikari, S.R., Adhikari, B.S., Acharya, G. Dahal, S., Adhikari, B., Sharma, T. (2024). Glimpse of Ancient Social History through the Social Structure of The Mahabharata Period. *Paramita: Historical Studies Journal,* 34(1), 43-54. http://dx.doi.org/10.15294/ paramita. v34i1.47901.

Altekar, A. (1959). *The Position of Women in Hindu Civilization.* Delhi: Motilal Banarasidass.

Apte, Usha M. (1978). *The Sacrament of Marriage in Hindu Society.* Delhi: Ajanta Publications.

Coser, L. A. (1996). *Masters of Sociological Thought.* New Delhi: Rawat Publications. Ember, C.R. and Ember, M (1999). *Anthropology.* New Delhi: Prentice Hall

Chudari, C. N. (1996) *Hinduism India*: Oxford University Press.

Johnson, H.M (1960). *Sociology; Systematic Introduction*, New Delhi: Allied Publishers

Kosambi, D.D. (2002). *Indian History.* Bombay: Popular Prakasan.

Marshall, G. (ed.) (1998). *Dictionary of Sociology*. New York: Oxford university Press.

Pandey, R. (1968). *Hindu Sankaras*: Delhi: Motilal Vanarasidas

Thapar, R. (2010). *Cultural Pasts*. New Delhi: Oxford University Press.

Turner, J. (1995). *The Structure of Sociological Theory*. India: Rawat Publications Jaipur.